**राजस्व न्यायाधिकरण काठमाडौ**
**इजलास**
**माननीय अध्यक्ष श्री किशोर सिलवाल**
**राजस्व सदस्य श्री नरनाथ गिरी**
**लेखा सदस्य श्री पुष्प प्रसाद गुरागाई**
**फैसला**

२०७६।०७७ सालको निर्णय नं. १०२
पुनरावेदन नं. ९७–०७६-RB-००२७
<u>मुद्दाः– आयकर (२०६९/०७०) ।</u>

| | |
|---|---|
| जिल्ला काठमाण्डौ साविक जोरपाटी गा.वि.स. वडा ७ हाल परिवर्तित गोकर्णेश्वर न.पा.वडा नं. ८ स्थित शेर्पा स्टोर एण्ड सप्लायर्स (स्थायी लेखा नं. ३०४२३६७९२) को तर्फबाट प्रो.सोनाम शेर्पा..........................................१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| श्री आन्तरिक राजस्व कार्यालय, चावहिल (साविक आ.रा.का. काठमाण्डौ क्षेत्र नं. १ बबरमहल) ................................................................... १<br>श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट..................................................१ | प्रत्यर्थी |

**उपस्थित कानून व्यवसायीहरु**
पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री सुदिप नेपाल
प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : उपन्यायाधिवक्ता श्री शम्भु कुमार बस्नेत
**अविलम्वित नजीरः ×**

## शुरु निर्णय गर्ने कार्यालय र अधिकारी

शुरु निर्णय गर्ने कार्यालयः- आन्तरिक राजस्व कार्यालय, चावहिल (साविक काठमाण्डौ क्षेत्र नं. १, बबरमहल)

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर अधिकृत श्री कृष्ण प्रसाद पराजुली

शुरु कर्यालयको निर्णय मितिः–२०७४/०६/२०

## प्रशासकिय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री विष्णु प्रसाद नेपाल

निर्णय मितिः २०७५/१२/०८

पुनरावेदक कम्पनीका हकमा आन्तरिक राजस्व कार्यालय, चावहिलबाट मिति २०७१/०५/४ को कर निर्धारणको निर्णय उपर आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएकोमा आन्तरिक राजस्व विभागबाट कार्यालयको निर्णयलाई नै सदर गर्ने गरी भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम प्रस्तुत पुनरावेदन पत्र यस न्यायाधिकरणमा पर्न आएको रहेछ । सुनुवाइका लागि आज यस इजलासमा पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

## तथ्य खण्ड

१. यस कार्यालयको कार्यक्षेत्र अन्तर्गतका करदाता श्री शेर्पा स्टोर एण्ड सप्लायर्सले आ.व. २०६९/०७० को कारोबारको आयकर ऐन, २०५८ (सं.स)को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार रू. ४,८६,३०८।४४ देखाई हाल आन्तरिक राजस्व कार्यालय, चावहिल (साविक काठमाण्डौ क्षेत्र नं. १, बबरमहल) मा मिति २०७०/०९/२८ मा आय विवरण पेश गरेको ।

२. यस कार्यालयको मिति २०७४।५।२३ को आयकर ऐन, २०५८ को दफा १०१(६) बमोजिमको सूचनामा आ.व. २०६९।०७० को लागि आयकर ऐन, २०५८ बमोजिम आयमा थप समावेश हुने रकम समावेश नगरेको तथा कट्टि गर्न नपाइने रकम खर्च कट्टि दावी गरेको देखिएकोले सोही ऐनको दफा १०१ बोजिम शोधिनत कर निर्धारण गर्ने प्रयोजनाको लागि संशोधित कर योग्य आय रु. ३८,५१,४००।- कायम गर्नु पर्ने भएकोले सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र लिखिल जवाफ पेश गर्न आयकर ऐन २०५८ को दफा १०१ (६)

बमोजिम विस्तृत व्यहोरा खुलाई आन्तरिक राजस्व कार्यालय, चावहिल (साविक काठमाण्डौ क्षेत्र नं. १, बबरमहल) बाट करदाताको नाममा जारी भएको म्याद करदाताले नबुझेको भनी मिति २०७४/०५/३० मा गोरखापत्रमा सूचना जारी भएको ।

३. उक्त आ.व. २०६९।०७० को लागि आयकर ऐन २०५८ बमोजिम आयमा थप समावेश हुने रकम समावेश नगरेको तथा कट्टि गर्न नपाइने रकम खर्च कट्टि दावी गरेको देखिएकोले सोही ऐनको दफा १०१ बमोजिम संशोधित कर निर्धारण मिति २०७४।५।२३ , च.नं. ६७ को पत्र करदाताको स्थायी ठेगानामा हुलाकद्वारा रजिष्ट्री गरी पत्राचार गरिएको तथा मिति २०७४।५।३० को गोरखापत्रमा सूचना समेत प्रकाशित गरिएकोमा मिति २०७४।६।२० सम्म जवाफ तथा आय विवरणलाई पुष्टि गर्ने प्रमाण कागजात, खरिद विक्री विल विजक तथा कारोबारको लेखा खर्च विल भरपाई जाँच तथा परीक्षणको लागि कुनै कागजात पेश हुन नआएकोले आयकर ऐन २०५८ को दफा १०१ बमोजिम निर्धारण भएको करयोग आयमा परिवर्तन गर्नुनपर्ने देखियो ।

४. करदाताको आ.व. २०६९/०७० का लागि करयोग्य आय रु. ३८,५१,४००।- कायम गरी आयकर ऐन २०५८ को दफा १०१ बमोजिम कर अधिकृतले संशोधित कर निर्धारण गरी सोही ऐनको दफा १०२ बमोजिम करदातालाई सूचना दिने भनी आन्तरिक राजस्व कार्यालय,चावहिलबाट मिति २०७४/०६/२० मा खडा भएको निर्णय पर्चा ।

५. आन्तरिक राजस्व कार्यालय, चावहिलले मिति २०७४/०६/२० मा जारी गरेको आ.व. २०६९/०७० को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी शेर्पा स्टोर एण्ड सप्लायर्सले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७४/०७/२६ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

६. पुनरावेदकले प्रशासनिक खर्च अन्तर्गत दावी गरेको **Donation** रु. ५,००५,– **GVT tax Renewal** रु. ५५,०००।-, **Guest Entertainment** रु. २४,१६३।- खर्च समेत ८४,१६८।- लेजर विल भरपाई लगायतका प्रमाण कागजात पेश गरी प्रमाणित गर्न नसकेको हुँदा आयकर ऐन २०५८ को दफा १३ बमोजिम खर्च कट्टि नपाउने, पुनरावेदकले व्याज खर्च भनी दावी गरेको रु. १४,७७,३६६।५५ लेजर विल भरपाई प्रमाण कागजात पेश गरी प्रमाणित गर्न नसकेको हुँदा आयकर ऐनको दफा १४ बमोजिम खर्च कट्टि नहुने र पुनरावेदकले खरिद विक्री कारोबार अनुसूची १३ मा पेश गरेको विवरण भन्दा छिमेकी मार्ट र द लिंकर स्टेशनले पेश गरेको खरिद विक्री कारोबार अनुसूची १३ मा पेश भएको विवरणमा फरक देखिएको रकमको बारेमा पुनरावेदकले विल भरपाई लगायतका प्रमाण कागजात पेश गरी प्रमाणित गर्न नसकेको हुँदा मिस म्याच रकमलाई आयमा समावेश गर्ने गरी शुरु कार्यालयबाट भएको कर निर्धारण आदेश

कानून सम्मत देखिदा निवेदकको निवेदन जिकिर पुग्न सक्दैन भनी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५/१२/८ मा भएको निर्णय ।

७. पुनरावेदकले खर्च भएको वास्तविक रकम नै खर्च कट्टिको दावी गरेको हो । ओडी लोन र सर्टटर्म लोनमा लागेको व्याज खर्च कट्टिको दावी र खरिद विक्री कारोबारमा मिस म्याच भयो भनी आयमा समावेश गर्ने गरी भएको कर निर्धारण आदेशका सम्बन्धमा आफू विदेशमा गएको अवस्था भएकोले सबुत प्रमाण पेश गर्ने मौका नै नपाएको र विभागमा समेत प्रशासनिक खर्च कट्टी, व्याज खर्च र मिस म्याचका सम्बन्धमा सबुतप्रमाण समेत पेश गर्दा समेत सुनुवाई समेत नगरी प्राकृतिक न्यायको सिद्धान्त विपरित शुरु कार्यालयबाट भएको कर निर्धारण आदेशलाई सदर गर्ने गरी भएको कर निर्धारण आदेश उल्टी गरी पुनः सबुत प्रमाणको समूचित मूल्यांकन गरी कर निर्धारण गर्नु भनी शुरु कर कार्यालयमा पठाइ पाउँ भन्ने समेत व्यहोराको जिकिर लिई करदाताको तर्फबाट मिति २०७६/०५/०४ मा यस न्यायाधिकरण समक्ष दर्ता भएको पुनरावेदन पत्र ।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणको मिति २०७६/०८/१३ मा भएको आदेश ।

**<u>ठहर खण्ड</u>**

९. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेसीसूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनराबेदन पत्र एवं प्राप्त सुरु मिसिल समेत अध्ययन गरियो ।

१०. पुनरावेदकको तर्फबाट उपस्थित हुनु भएका विद्धान अधिवक्ता श्री सुदिप नेपालले पुनरावेदकले खर्च भएको वास्तविक रकम नै खर्च कट्टिको दावी गरेको हो । ओडी लोन र सर्टटर्म लोनमा लागेको व्याज खर्च कट्टिको दावी र खरिद विक्री कारोबारमा मिस म्याच भयो भनी आयमा समावेश गर्ने गरी भएको कर निर्धारण आदेशका सम्बन्धमा आफू विदेशमा गएको अवस्था भएकोले सबुत प्रमाण पेश गर्ने मौका नै नपाएको र विभागमा समेत प्रशासनिक खर्च कट्टी, व्याज खर्च र मिस म्याचका सम्बन्धमा सबुतप्रमाण समेत पेश गर्दा समेत सुनुवाई समेत नगरी प्राकृतिक न्यायको सिद्धान्त विपरित शुरु कार्यालयबाट भएको कर निर्धारण आदेशलाई सदर गर्ने गरी भएको कर निर्धारण आदेश उल्टी गरी पुनः सबुत प्रमाणको समूचित मूल्यांकन गरी कर निर्धारण गर्नु भनी शुरु कर कार्यालयमा पठाइ पाउँ भनी गर्नु भएको बहस समेत सुनियो ।

११. प्रत्यर्थीको तर्फबाट उपस्थित हुनु भएका विशेष सरकारी वकिल कार्यालय काठमाडौंका विद्धान उपन्यायाधिवक्ता श्री शम्भु कुमार बस्नेतले पुनरावेदकले प्रशासनिक खर्च अन्तर्गत

दावी गरेको **Donation** रु. ५,००५,– **GVT tax Renewal** रु. ५५,०००।–, **Guest Entertainment** रु. २४,१६३।– खर्च समेत ८४,१६८।– लेजर विल भरपाई लगायतका प्रमाण कागजात पेश गरी प्रमाणित गर्न नसकेको हुँदा आयकर ऐन २०५८ को दफा १३ बमोजिम खर्च कट्टि नपाउने, पुनरावेदकले व्याज खर्च भनी दावी गरेको रु. १४,७७,३६६।५५ लेजर विल भरपाई प्रमाण कागजात पेश गरी प्रमाणित गर्न नसकेको हुँदा आयकर ऐनको दफा १४ बमोजिम खर्च कट्टि नहुने र पुनरावेदकले खरिद विक्री कारोबार अनुसूची १३ मा पेश गरेको विवरण भन्दा छिमेकी मार्ट र द लिंकर स्टेशनले पेश गरेको खरिद विक्री कारोबार अनुसूची १३ मा पेश भएको विवरणमा फरक देखिएको रकमको बारेमा पुनरावेदकले विल भरपाई लगायतका प्रमाण कागजात पेश गरी प्रमाणित गर्न नसकेको हुँदा मिस म्याच रकमलाई आयमा समावेश गर्ने गरी शुरु कार्यालयबाट भएको कर निर्धारण आदेश कानून सम्मत हुँदा सदर गरिनु पर्दछ भनी गर्नु भएको बहस समेत सुनियो ।

१२. यसमा प्रत्यर्थी कर कार्यालयबाट भएको कर निर्धारण आदेश कानून सम्मत छ छैन ? पुनरावेदकको पुनरावेदन जिकिर बमोजिम हुने हो वा होइन भन्ने सम्बन्धमा निर्णय दिनु पर्ने देखिन आयो ।

१३. निर्णय तर्फ विचार गर्दा, यसमा पुनरावेदक करदाताले आ.व. २०६९।०७० को आय विववरणमा रु ४,८६,३०८।–४४ देखाई मिति २०७०।९।२८ मा पेश गरेको आय विवरणमा आयमा थप समावेश हुने रकम समावेश नगरेको तथा खर्च कट्टि गर्न नपाइने रकम खर्च कट्टिको दावी गरेको देखिएको भनी आयकर ऐन २०५८ को दफा १०१ बमोजिम रु. ३८,५१,४००।– संशोधित करयोग्य आय कायम गरी प्रारम्भिक कर निर्धारण आदेश भएको र सोही ओदशानुसारको रकम दाखिला गर्नुनपर्ने कुनै सबुत प्रमाण विल भरपाई भए १५ दिनभित्र लिखित जवाफ पेश गर्न भनी पुनरावेदकलाई च.नं. ०६७ मिति २०७४।५।२३ मा निजको ठेगानामा हुलाकबाट रजिष्ट्री गरी पत्राचार गरेको र मिति २०७४।५।३० को गोरखापत्रमा समेत सूचना प्रकाशित गर्दा समेत पुनरावेदक उपस्थित भई आय विवरण पुष्ट्याई हुने कुनै सबुत प्रमाण पेश नै नगरी अनुपस्थित भएको हुँदा प्रारम्भिक कर निर्धारण आदेशलाई कायम गर्ने गरी शुरु कर कार्यालयबाट मिति २०७४।६।२० मा निर्णय भएको र सोही निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको निर्णयमा चित्त नबुझाई सुनुवाईको मौका समेत प्रदान नै नगरी भएको कर निर्धारण आदेश प्राकृतिक न्यायको सिद्धान्त समेतको विपरित हुँदा सो विषयमा सुनुवाईको मौका प्रदान गरी पुन कर निर्धारण गर्न शुरु कर कार्यालयमा पठाई पाउँ भन्ने जिकिर सहित पुनरावेदकतर्फबाट प्रस्तुत पुनरावेदन आएको देखिन्छ ।

१४. सुनुवाईको मौका नै प्रदान गरिएन भन्ने पुनरावेदकको पुनरावेदन जिकिरका सम्बन्धमा हेर्दाः नेपालले स्वयंमकर निर्धारण प्रणालीलाई अवलम्बन गरेको र यस प्रणालीमा करदाता स्वयं नै करअधिकृत हुने र आफ्नो आय व्ययको यथार्थ विवरण पेश गर्ने जिम्मेवारी समेत निजैमा रहनेमा विवाद रहेन । पुनरावेदक स्वयं आफैले पेश गरेको आय विवरणमा आयमा थप समावेश गर्नु पर्ने विवरण आयमा समावेश नगरेको र कट्टि गर्न नपाइने रकमको खर्च कट्टिको दावी भएको देखिएको भनी प्रारम्भिक कर निर्धारण आदेश भएको र सो प्रारम्भिक कर निर्धारण आदेश बमोजिमको रकम दाखिला गर्नु नपर्ने कुनै सबुत प्रमाण भए लिखित जवाफ पेश गर्न भनी दिएको सूचना बुझी लिइ आफ्नो दायित्व पुरा गरेको पनि देखिदैन, मौकामा सूचना नबुझेको हुँदा पुनरावेदकको स्थायी ठेगानामा हुलाकबाट रजिष्ट्री गरी पठाएको मिसिल संलग्न पत्रबाट देखिन्छ, सो समेत प्राप्त नभएको भन्ने र मिति २०७४।५।३० मा गोरखापत्र दैनिकमा सूचना जारी भएको भन्ने मिसिल संलग्न पत्रिकाको प्रतिलिपिबाट देखिएको छ । आफू विदेशमा रहेकोले थाहा नपाएको भन्ने आधारमा सुनुवाईको मौका नै प्रदान भएन भन्ने पुनरावेदन जिकिर कानून सम्मत मान्न मिलेन । साथै पुनरावेदकले प्रशासनिक खर्च अन्तर्गत दावी गरेको **Donation** रु. ५,००५,– **GVT tax Renewal** रु. ५५,०००।-, **Guest Entertainment** रु. २४,१६३।- खर्च समेत ८४,१६८।- लेजर विल भरपाई लगायतका प्रमाण कागजात पेश गरी प्रमाणित गर्न नसकेको हुँदा आयकर ऐन २०५८ को दफा १३ बमोजिम खर्च कट्टि गर्न पाउने देखिदैन । पुनरावेदकले व्याज खर्च भनी दावी गरेको रु. १४,७७,३६६।५५ लेजर विल भरपाई प्रमाण कागजात पेश गरी प्रमाणित गर्न नसकेको हुँदा आयकर ऐनको दफा १४ बमोजिम खर्च कट्टि नहुने र पुनरावेदकले खरिद विक्री कारोबार अनुसूची १३ मा पेश गरेको विवरण भन्दा छिमेकी मार्ट र द लिंकर स्टेशनले पेश गरेको खरिद विक्री कारोबार अनुसूची १३ मा पेश भएको विवरणमा फरक देखिएको रकमको बारेमा पुनरावेदकले विल भरपाई लगायतका प्रमाण कागजात पेश गरी प्रमाणित गर्न नसकेको हुँदा मिस म्याच रकमलाई आयमा समावेश गर्ने गरी शुरु कार्यालयबाट भएको कर निर्धारण आदेश र सोलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको निर्णयलाई अन्यथा गर्नुपर्ने देखिन आएन । पुनः निर्णयको लागि शुरु कार्यालयमा पठाइ पाउँ भन्ने पुनरावेदन जिकिर र विद्धान अधिवक्ताको बहस जिकिर समेतसँग सहमत हुन सकिएन ।

१५. अतः माथी विवेचित आधार र कारणबाट स्थायी लेखा नं. ३०४२३६७९२ भएका पुनरावेदक करदाता श्री शेर्पा स्टोर एण्ड सप्लायर्सको आ.व. २०६९/०७० को आयकर निर्धारणका सम्बन्धमा तत्कालिन आन्तरिक राजस्व कार्यालय क्षेत्र नं. १, बबरमहल (हाल आन्तरिक राजस्व कार्यालय, चावहिल) बाट मिति २०७४।०६।२० मा भएको निर्णय एवं सो निर्णयलाई समर्थन गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति

२०७५।१२।०८ मा भएको निर्णय मिलेको देखिंदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन । अरूमा तपसिल बमोजिम गर्नु ।

**तपसिल**

१६. फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनू ।

१७. सरोकारवालाले फैसलाको नक्कल माग गर्न आए नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनू ।

१८. प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू ।

किशोर सिलवाल
(अध्यक्ष)

उक्त रायमा हाम्रो सहमति छ ।

पुष्प प्रसाद गुरागाईं
(लेखा सदस्य)

नरनाथ गिरी
(राजस्व सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-

शाखा अधिकृतः श्री लेख बहादुर कोइराला

कम्प्यूटर टाइपः श्री प्रदिप तिवारी

फाँटः

इतिसम्बत २०७६ साल माघ ९ गतेरोज ५ शुभम......